मिति : २०८२।०८।२१

समय : बिहान ११:०० बजे

स्थान: गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार

आज मिति २०८२।०८।२१ गते आइतबार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यूको अध्यक्षतामा गोलन्जोर गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री शंकर राज बराल | गाउँपालिका अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४. श्री सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्वशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मरदिप बि क | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| १६. श्री मान बहादुर बराल | प्रमुख प्रशासकीय अधिकृत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| सरद प्याकुरेल | प्रशासन शाखा |

CamScanner

## प्रस्तावहरु

१) जुनार प्रवर्द्धन मेला-२०८२ सम्बन्धमा ।

२) मंसिर २३ गते स्थानीय सार्वजनिक बिदा सम्बन्धमा ।

३) (घ) वर्गको निर्माण व्यवसायीको ईजाजत पत्र स्वीकृत सम्बन्धमा ।

४) गोलन्जोर आधारभुत अस्पताल सञ्चालन कार्यविधि,२०८२ संशोधन सम्बन्धमा ।

५) विशेष अनुदान प्राप्त प्याज खेति प्रबर्द्धन कार्यक्रम सम्बन्धमा ।

६) रैथानेबाली प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धमा ।

७) कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत सम्बन्धमा ।

८) प्रेस विज्ञप्ती सम्बन्धमा ।

९) आधारभुत अस्पताल सम्बन्धमा ।

CamScanner

## निर्णयहरु

निर्णय नं. १ जुनार प्रबर्द्धन मेला-२०८२ सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं. ४ तिनकन्याको माझ कुभिन्डेमा मिति २०८२।०८।२३ देखि २५ गते हुने जुनार प्रबर्द्धन मेला-२०८२ भब्य सभ्य रुपमा सम्पन्न गर्न गाउँपालिका स्तरिय मेला प्रबर्द्धन मुल समारोह समिति गठन गरी तपसिल बमोजिम सदस्यहरु रहने र देहाय बमोजिम उप समिति निर्माण गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

१. मुल समारोह समिति निर्माण

संयोजक – गाउँपालिका अध्यक्ष

सदस्य – गाउँपालिका उपाध्यक्ष

सदस्य – सम्पुर्ण वडाका वडा अध्यक्षहरु

सदस्य – कार्यपालिका सदस्य सबै

सदस्य – गाउँसभा सदस्य सबै

सदस्य- गाउँपालिकामा उपलब्ध प्रमुख दलका प्रमुख तथा प्रतिनिधि

सदस्य – जिल्लास्थित पत्रकार महासंघको अध्यक्ष

सदस्य – सिन्धुली जिल्ला घर भइ काठमाडौंमा रहेर मुख्य धारका पत्रिकामा कार्यरत संचारकर्मी

सदस्य – कृषि विकास कार्यालय सिन्धुली

सदस्य- राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ सिन्धुली ।

सदस्य- उद्योग बाणिज्य कार्यालय सिन्धुली

सदस्य – सिड्स नेपाल

सदस्य – रिलिफ नेपाल

सदस्य – समुदाय पद्धति विकास सेवा सिन्धुली

सदस्य- जुनार विकास संघ सिन्धुली

सदस्य – जुनार सहकारी संघ सिन्धुली

सदस्य सचिव – प्रमुख प्रशासकीय अधिकृत

**समितिहरु**

| संयोजक | पद | समिति/उप समिति |
|---|---|---|
| शंकर राज बराल | अध्यक्ष | मुल समारोह समिति संयोजक |
| ज्वाला प्रसाद न्यौपाने | उपाध्यक्ष | मेला संयोजन उप समिति संयोजक |
| रेगन राज थापा | प्रवक्ता/ अध्यक्ष वडा नं. ७ | प्रचार प्रसार उप समिति संयोजक |
| सोम प्रसाद बराल | अध्यक्ष वडा नं. १ | अतिथि व्यवस्थापन उप समिति |
| दौलत कार्की | अध्यक्ष वडा नं. २ | स्वयंसेवक परिचालन समिति |
| कृष्ण प्रसाद पोखरेल | अध्यक्ष वडा नं. ३ | खाना तथा आवास व्यवस्थापन उप समिति |
| भक्त बहादुर भुजेल | अध्यक्ष वडा नं. ४ | स्थानीय मेला व्यवस्थापन उप समिति |
| गोविन्द बहादुर लुइगेली | अध्यक्ष वडा नं. ५ | यातायात व्यवस्थापन उप समिति |
| रबिन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ६ | मनोरञ्जन व्यवस्थापन उप समिति |
| सम्झना पोखरेल कार्की | कार्यपालिका सदस्य | |
| उर्वशी दुङ्गेल | कार्यपालिका सदस्य | मञ्च व्यवस्थापन उप समिति संयोजक |
| सम्बर बहादुर माझी | कार्यपालिका सदस्य | |
| अम्बरदिप बि क | कार्यपालिका सदस्य | |
| | | |

निर्णय नं.२ स्थानीय बिदा दिने सम्बन्धमा ।

प्रस्ताव नं. २ गोलन्जोर गाउँपालिका वडा नं. ४ तिनकन्याको माझ कुभिन्डेमा मिति २०८२।०८।२३ देखि २५ गते सम्म जुनार प्रबर्द्धन मेला-२०८२ हुने भएकोले गाउँपालिका कार्यालय र मातहतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र शिक्षण संस्थाहरु मिति २०८२।०८।२३ गते मंगलबार १ दिन स्थानीय सार्बजनिक बिदा दिने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ३ (क) फर्मको निर्माण व्यवसायीको इजाजत पत्र स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ३ (क) फर्मको निर्माण व्यवसायीको इजाजत पत्र स्वीकृत सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकामा (क) वर्गको निर्माण व्यवसायीको इजाजत पत्रको लागि नियमानुसार पेश गर्नु भएको तपसिल बमोजिमका कम्पनीलाई यस गाउँपालिकाको (क) वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ बमोजिमको इजाजत पत्र स्वीकृत गरी प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | निर्माण व्यवसायी कम्पनीको नाम | संचालकको नाम | ठेगाना |
|---|---|---|---|
| १ | बेल लैंड नेपाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | श्री एलिजा न्यौपाने | गोलन्जोर गाउँपालिका -५, सिन्धुली |

निर्णय नं. ४ गोलन्जोर आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८२ संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ४ गोलन्जोर आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८२ संशोधन सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिम रहेको व्यवस्थामा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| साबिकको व्यवस्था | संशोधनको विवरण |
|---|---|
| परिच्छेद ४ अस्पतालको कोष संचालन तथा व्यवस्थापन को दफा १२ को उपदफा ६ मा रहेको अस्पताल कोषको संचालन अस्पताल प्रमुख र लेखा सम्बन्धी काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ । | परिच्छेद ४, अस्पतालको कोष संचालन तथा व्यवस्थापन को दफा १२ को उपदफा ६ मा रहेको अस्पताल कोषको संचालन अस्पताल प्रमुख,अस्पताल रहेको वडाको वडा अध्यक्ष र लेखा सम्बन्धी काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ । |

निर्णय नं. ५ विशेष अनुदान प्राप्त प्याज खेति प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं ५ विशेष अनुदान प्राप्त प्याज खेति प्रवर्द्धन कार्यक्रम सम्बन्धमा छलफल गर्दा विशेष अनुदान विनियोजन हस्तान्तरित प्याज खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत रु ६७ लाख रुपैया बजेट प्राप्त भएकोमा प्याज खेतीको क्षेत्र विस्तार उत्पादन वृद्धि र भण्डारण र बजारीकरणसम्बन्धी विभिन्न क्रियाकलापहरु संचालनको लागि तपसिलमा उल्लेख भए अनुसारको अनुपातमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

१ प्याजको बीउ वितरण कार्यक्रम ९० प्रतिशत अनुदान

| | |
|---|---|
| २ सुक्ष्म खाद्यतत्व तथा विषादी वितरण | १०० प्रतिशत अनुदान |
| ३ कृषि औजार यन्त्र उपकरण वितरण (मिनि टिलर स्प्रेयर ढुवानी साधन) | ८० प्रतिशत अनुदान |
| ४ साना सिंचाइ (कुलो निर्माण तथा मर्मत पोखरी निर्माण पाइप सिचाइ आदि) | ८० प्रतिशत अनुदान |
| ५ संकलन केन्द्र निर्माण र प्याकेजिङ्ग सहयोग | १०० प्रतिशत अनुदान |
| ६ प्राविधिक सेवाटेवा (तालिम गोष्ठी भ्रमण आदि) | १०० प्रतिशत अनुदान |

**निर्णय नं ६ रैथानेबाली प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धमा ।**

प्रस्ताव नं ६ रैथानेबाली प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धमा छलफल गर्दा संघीय सशर्त बित्तिय हस्तान्तरित रैथानेबाली प्रवर्द्धन कार्यक्रम गोलन्जोर गाउँपालिकाको वडा नं १ देखि वडा नं ७ सम्म सवै वडामा कार्यक्रम संचालन तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं ७ कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत सम्बन्धमा छलफल गर्दा यस गोलन्जोर गाउँपालिकाबाट कृषि विकास कार्यक्रम संचालनका लागि बिनियोजित बजेटको हकमा गोलन्जोर गाउँपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो र सोही कार्यविधिको अधिनमा रहि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ प्रेस विज्ञप्ती सम्बन्धमा ।**

प्रस्ताव नं. ८ प्रेस विज्ञप्ती सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं. ४ तिनकन्या स्थित माझ कुभिन्डेमा मिति २०८२।०८।२३ देखि २५ गते सम्म हुने जुनार प्रवर्द्धन मेला-२०८२ को समग्र विषय वस्तुलाई समेटेर कार्यक्रमको सन्दर्भमा एक प्रेस विज्ञप्ति जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ आधारभुत अस्पताल सम्बन्धमा ।**

प्रस्ताव नं. ९ आधारभुत अस्पताल सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ३ स्थित ग्वालटारमा Back to life e.V Germany को आर्थिक सहयोगमा निर्माण सम्पन्न गरी हस्तान्तरण समेत भई सञ्चालन समेत रहेको १५ शैयाको अस्पताल यसै गाउँपालिकाको "गोलन्जोर आधारभुत अस्पताल, ग्वालटार, सिन्धुली" नामाकरण गरी आधारभुत अस्पतालको रुपमा रहने निर्णय गरियो ।

CamScanner